अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ०१ मितिः २०८०/०३/२०

**भाग- १**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका शिक्षा ऐन

## (पहिलो संशोधन),२०८०

**गाउँपालिका सभाबाट स्वीकृत मिति २०८०।०३।१०**

**प्रमाणिकरण मिति २०८०।०३।२०**

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

अजिरकोट गाँउसभाबाट मिति २०८० असार १० गते स्वीकृत भएको यसै अजिरकोट गाँउपालिकाको शिक्षा ऐन (पहिलो संशोधन),२०८० स्थानीय सरकार संचालन ऐन- २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

दीपक देवकोटा
गाँउपालिका अध्यक्ष

मिति २०८०।०३।२०

# अजिरकोट गाउँपालिका शिक्षा ऐन

## (पहिलो संशोधन),२०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०/०३/२०

अजिरकोट गाउँपालिका शिक्षा ऐन-२०७७ संशोधन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ५० बमोजिम गाउँसभाको १३ औं अधिवेसनमा यो विधेयक प्रसतुत गरिएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः

१.यो विधेयक नाम अजिरकोट गाउँपालिका शिक्षा ऐन (पहिलो संशोधन) - २०८० रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**अजिरकोट गाउँपालिका शिक्षा ऐन — २०७७ संशोधन प्रस्ताव -२०८०/०३/०८ (प्रथम संशोधन)**

२.अजिरकोट गाउँपालिकाको शिक्षा ऐन, २०७७ को परिच्छेद २ को दफा ५ को उपदफा मा संशोधनः- माथि जेसुकै लेखिएको भएपनि आवश्यकता र औचित्यको आधारमा दुइ वा दुइ भन्दा बढी विद्यालयलाई सम्बन्धित विद्यालय व्यबस्थापन समिति र विद्यालयको सहमति नभए पनि गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालयहरु गाभ्न वा समायोजन गर्न सक्नेछ | साथै विद्यार्थी संख्या तोकिएको मापदण्ड भन्दा न्युन भएमा गाउँ शिक्षा समितिको सिफारिसमा एक कार्यदल गठन गरि उक्त कार्यदलको प्रतिवेदनका आधारमा शिक्षक कर्मचारी दरवन्दी मिलान तथा कक्षा घटाउने र तह घटाउन सक्नेछ |

३. मुल ऐनको परिच्छेद ३ को दफा १५ को उपदफा २ मा संशोधनः- अजिरकोट गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको कक्षा १०को SEE बाहेक सबै कक्षाको परीक्षा तोकिए बमोजिम गाउँपालिकाले संचालन गर्नेछ | कक्षा ५ र कक्षा ८ को अन्तिम परीक्षालाई गाउँपालिका स्तरको शैक्षिक मूल्यांकनको आधार बनाइनेछ |

४. **मुल ऐनको परिच्छेद ३ दफा १५ पछि उपदफा ३ थप गरीएको छ :-परीक्षा संचालन सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।**

**५**. मुल ऐनको परिच्छेद ४ दफा १७ 'ख' मा संशोधनः- गाउँ कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको १ जना सदस्य

६. मुल ऐनको परिच्छेद ४ दफा १७ 'घ' मा संशोधन गरी थप गरिएको:- सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्र.अ मध्येबाट तथा महिला शिक्षकहरु मध्येबाट १ जना पर्ने गरि गाउँपालिका अध्यक्षले मनोनित गरेको ४ जना सदस्य

**७.** मुल ऐनको परिच्छेद ४ को दफा ५ संशोधन गरिएको:- शिक्षा समितिको बैठक प्रत्येक दुइ महिनामा एक पटक बस्नुपर्नेछ ।

८. मुल ऐनको परिच्छेद ७ झिकिएको:- **विद्यालय शिक्षण सेवा गठन र संचालन सम्बन्धि व्यबस्था**

९.मुल ऐनको परिच्छेद ७ संशोधन गरिएको:- शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि व्यबस्था

१०. मुल ऐनको परिच्छेद ७ दफा ३१ को सबै उपदफाहरु झिकिएको :- **विद्यालय शिक्षण सेवाको गठन र उपदफा १,२,३ र ४**

**११.** मुल ऐनको परिच्छेद ७ दफा ३२ संशोधन गरिएको:- शिक्षक तथा कर्मचारी छनौट समिति गठन प्रक्रिया

**१२.** मुल ऐनको परिच्छेद ७ दफा ३२ उपदफा २ को **'क' र 'ख'** झिकिएको:- **दफा ३२ को उपदफा २ 'क' र 'ख'**

**१३.** मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा 'क' संशोधन गरिएको:- अजिरकोट गाउँपालिकाभित्र कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेका वा सो नभएमा स्नातक तह उत्तीर्ण गरेका निजामति सेवाको शिक्षा सेवा तर्फको निवृत्त कर्मचारी वा माध्यमिक तहमा कम्तिमा १० वर्ष स्थायी सेवा गरेका निवृत्त शिक्षकहरु मध्येबाट गाउँपालिका अध्यक्षको सिफारिसमा गाउँशिक्षा समितिले मनोनित गरेको - १ जना अध्यक्ष

**१४.** मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा 'ख' संशोधन गरिएको:-अजिरकोट गाउँपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयको प्र.अ. हरु मध्येबाट गाउँपालिका अध्यक्षले बढीमा १ वर्षको लागि मनोनित गरेको १ जना सदस्य

१५. मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा २'ग' मा संशोधन गरिएको:- गाउँपालिकामा सुचिकृत विषय विशेषज्ञहरु मध्येबाट शिक्षक छनौट समितिले मनोनित गरेको २ जना सदस्य

**१६.** मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा २'घ' मा संशोधन गरिएको:-<u>शिक्षा अधिकृत — सदस्य सचिव</u>

१७. मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा २'ङ' मा संशोधन गरिएको:-<u>शिक्षा शाखाको प्रा.स. तथा कर्मचारीलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गरिनेछ ।</u>

१८. मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा ३,४ र ५ झिकिएको:-**दफा ३,४ र ५**

**१९.** मुल ऐनको परिच्छेद ७ दफा ३२ को उपदफा ८'ख' मा संशोधन गरिएको शिक्षक छनोट समितिले शिक्षक छनोट सम्बन्धि कार्य सम्पन्न गरी कारार शिक्षक नियुक्तिको लागि शिक्षा अधिकृत समक्ष <u>१५ दिनभित्र करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्नेछ ।</u>

२०. मुल ऐनको परिच्छेद ७ दफा ३३ को उपदफा ३ थप गरिएको :-जुनसुकै तह र पदमा रहेका विभिन्न प्रकारका शिक्षकहरुलाई गाउँपालिकाभर आवश्यकता र औचित्यका आधारमा सरुवा वा काज सरुवा गर्न सकिनेछ ।

२१. मुल ऐनको परिच्छेद ७ दफा ३३ को उपदफा ४ थप गरिएको :-माथि जेसुकै लेखिएको भएपनि साविकको विद्यालयमा पदाधिकार रहने गरि काजमा खटिएका शिक्षकलाई काज खटिएको विद्यालयमा समान पद तह/श्रेणी र विषय रिक्त भएमा वा दरवन्दी सिर्जना भइ दरवन्दी कायम भएमा निजको काजलाई उक्त दरवन्दीमा पदास्थापन गर्न सकिनेछ ।

२२. मुल ऐनको परिच्छेद ७ दफा ३४ को उपदफा २ मा राखिएको र ऐनमा व्यवस्था गरिएको उपदफा २ लाई उपदफा ३ कायम गरिएको :-अनुमति प्राप्त सामुदायिक विद्यालयहरुमा तहगत नियुक्ति लिएका स्थायी शिक्षकहरुलाई साबिकै विद्यालयमा पदाधिकार रहने गरि कार्य सम्पादन सम्झौता गरि प्रधानाध्यापकको कामकाज गर्न अर्को व्यबस्था नभएसम्मको लागि शिक्षा समितिले काजमा खटाउन सक्नेछ ।

अजिरकोट गाँउसभाबाट मिति २०८० असार १० गते स्वीकृत भएको यसै अजिरकोट गाँउपालिकाको शिक्षा ऐन (पहिलो संशोधन),२०८० स्थानीय सरकार संचालन ऐन- २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

दीपक देवकोटा

गाँउपालिका अध्यक्ष

मिति २०८०।०३।२०